# लुङग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बडाचौर, रोल्पा

### लुम्बिनी प्रदेश नेपाल

## कृषि तथा पशुपंक्षी पालनसंग सम्बन्धित कार्यक्रम

# कार्यान्वयन कार्यविधि २०७८

# लुङग्री गाउँपालिका

## कृषि, पशुपालन संग सम्बन्धित कार्यक्रम

## कार्यान्वयन कार्यविधि २०७८

**पृष्टभूमीः**

कृषि प्रधान देशका मानिसहरु खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, माछा, मासु, दुध, अण्डा जस्ता कृषि उपजहरुमा पनि परनिर्भर हुनु पर्दा हामी नेपालीहरुलाई नै विश्वले गिज्याईरहेको भान हुन्छ । हामी संग जमिन, श्रम, पुंजि र प्रविधि हुंदा हुँदै पनि खुर्सानीको ढिडी समेत मित्र राष्ट्रबाट ल्याउनु पर्ने विद्यमान परिस्थितिलाई न्यूनिकरण गर्नको निमित्त हाम्रै भूमीमा हाम्रै मेहनत, आफ्नै पुंजि र प्रविधिको सदुपयोग गरी कृषि तथा पशुपंक्षीजन्य उपभोग्य बस्तुहरुमा आत्म निर्भर बनाउन सक्छौ भन्ने मुल्य र मान्यता राख्दै लुङग्री गाउँपालिको कार्यपालिका बैठकबाट कृषि तथा पशपंक्षी र माछापालन कार्यक्रम, उद्यम विकास कार्यक्रम मार्फत युवा तथा व्यवसायिक कृषकहरुलाई रोजगारी सृजना गरि कृषि पेशालाई व्यवसायिक तथा मर्यादित बनाउन यस्ता कार्यक्रमहरुलाई संचालन एवं व्यवस्थापन गर्नको लागि कृषि पशपंक्षी तथा माछापालन संग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधी २०७८ तयार गरिएको छ । यो कार्यविधि कार्यपालिका बैठक वाट पारित भएपछि लागु हुनेछ ।

### परिच्छेद १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम **"कृषि, पशपंक्षि तथा माछापालन संग सम्बन्धित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८** रहेको छ ।

१.२ यो कार्यविधि कार्यपालिका बैठकबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. **"युवा लक्षित/महिला लक्षित कार्यक्रम"** भन्नाले युवा/महिलालाई कृषि तथा पशुपालनको क्षेत्रमा आकर्षित पार्न गरिने तालिम, प्रविधि, बीउविजन, पशुपंक्षि र माछामा अनुदान तथा व्यवसायीक उवं बजार प्रवर्द्धन कार्यक्रमलाई बुझाउने छ ।

ख. **युवा** भन्नाले १८ बर्ष पुराभई ५० बर्ष ननाघेका लुङग्री गाउँपालिका महिला/पुरुषलाई बुझिने छ (विगत देखि व्यवसायीक रुपमा कृयासिल व्यवसायी/उद्यमीहरुलाई कार्यक्रम संचालन गर्न उमेरको हद लाग्ने छैन)

ग. **"समिति"** भन्नाले लुङग्री गाउँपालिकाामा गठित कृषि/पशुपालन सम्बन्धि कार्यक्रम संचालन एवं व्यवस्थापन गर्न गठित समितिलाई बुझिने छ ।

घ. परियोजना भन्नाले कृषि, पशपंक्षी तथा माछापालन साथै पर्यटन व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनको लागि तयार पारिएको प्रस्तावलाई बुझिने छ ।

ङ **"कार्यपालिका"** भन्नाले लुङग्री गाउँपालिका कार्यपालिका सम्झनुपर्छ ।

च. **"कृषक"** भन्नाले लुङग्री गाउँपालिको क्षेत्रभित्रका कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक

कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

छ. **"कृषि"** भन्नाले कृषि तथा पशपंक्षी र माछापालन व्यवसायका सम्पुर्ण बिषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

ज. **"कृषि फार्म"** भन्नाले व्यवसायिक प्रयोजनको लागि घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएका कृषि तथा पशुपंक्षी र माछापालन फार्म सम्झनु पर्छ ।

झ. **"कृषि बजार"** भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि तथा पशुपंक्षी बाट उत्पादित उपजको बिक्री वितरण गर्ने स्थललाई कृषि बजार सम्झनु पर्छ ।

ञ. **"कृषि वस्तु"** भन्नाले कृषकले कुनै बोट विरुवा वा पशुपंक्षीबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

ट. **"कृषि व्यवसाय"** भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ ।

१. व्यावसायिक उद्देश्यले गरिने कृषि बाली तथा पशुपंक्षीबाट उत्पादित बस्तुको उत्पादन ।

२. कृषि तथा पशुपंक्षी र माछा जन्य वस्तुको प्रशोधन ।

३. कृषि तथा पशुपंक्षी र माछा जन्य उपजको व्यापार ।

४. कृषि तथा पशुपंक्षी र माछा जन्य उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण ।

५. कृषि तथा पशुपंक्षी र माछा जन्य उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण ।

६. कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

**ठ. गाउँपालिका"** भन्नाले लुङग्री गाउँपालिका सम्झनु पर्छ ।

ड.**"प्रमुख"** भन्नाले लुङग्री गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

ढ.**"वडा"** भन्नाले  लुङग्री गाउँपालिका तोकिएको वडासम्झनुपर्छ ।

ण.**"गाँउ"**भन्नाले लुङग्री गाउँपालिकाको गाँउ क्षेत्रलाई सम्झनु पर्दछ ।

त.**"समुह"** भन्नाले कृषि तथा पशपंक्षी र माछा विकासको लागि लुङग्री गाउँपालिका पशु सेवा शाखा तथा कृषि विकास शाखमामा दर्ता(सुचिकृत) भएका कृषक समुहहरुलाई सम्झनु पर्दछ ।

थ.**कृषि विकास शाखा** भन्नाले लुङग्री गाउँपालिका अन्तरगत कृषि विकास शाखालाई सम्झनु पर्दछ ।

द. **पशु सेवा शाखा** भन्नाले लुङग्री गाउँपालिका अन्तरगत **पशु सेवा शाखा**लाई सम्झनु पर्दछ ।

ध.**"उत्पादक"** भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु  पर्छ ।

**परिच्छेद २**

**कार्यविधिको उद्देश्यः**

क. कृषि तथा पशपंक्षी र माछापालनका क्षेत्रमा गर्न सकिने कार्यक्रमहरु तरकारी खेति, फलफूल खेति, खाध्यान्न, दलहन, पुष्प, च्याउ, नगदे,  अन्य खेतिहरु, माछापालन, मौरीपालन, पशुपालन, कुखुरापालन, हांस पालन, कृषि तथा पशुपंक्षिपालनको लागि आवश्यक यन्त्र, औजार उपकरण तथा बीउ विजन, वोका,साढे, रांगो, विर्य आदि वितरण लगायतका कार्यहरु एवं कृषि बजार प्रबर्द्धन जस्ता कार्यहरु संचालन एवं व्यवस्थापनको लागि आवश्यक प्राविधिक प्रविधि वा बस्तुमा अनुदान प्रदान गरी कृषकलाई प्रोत्साहित गर्ने ।

ख. लुङग्री गाउँपालिकाको  गाउँ सभा बाट पारित नीति तथा कार्यक्रम अनुसारका कार्यक्रम संचालन गरि गाँउ भित्रका युवाहरुलाई रोजगारीका अवसर सृजना गर्ने ।

ग. युवाहरुलाई श्रम प्रति आकर्षित गरी कृषि तथा पशुपंक्षि र माछाको क्षेत्रमा कार्यरत किसानहरुको पारिवारिक जिवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

घ. कृषिजन्य र पशुजन्य वस्तुमा यस गाउँपालिकालाइ आत्मनिर्भर बनाउदै राष्टिय अर्थतन्त्रमा टेवा पुऱ्याउने ।

**२.अनुदानको लागि कृषकले अपनाउने प्रकृयाः**

- कार्यक्रमको प्रस्तावना पत्र
- कृषकको आवेदन
- वडा कार्यालयको सिफारिश
- राजस्व बुझाएको नगदि रसीद
- नगरीकताको प्रतिलिपी
- समुह दर्ता तथा फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी तथा अडिट रिर्पोट
- जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि

**नोट**–नियमित रुपमा संचालन गरिने कार्यक्रमहरु जस्तै समुह गठन, पशु उपचार,घाँसको बीउ वितरण, मकै, धान, गहँ, तरकारी किट वितरण, बाली संरक्षण, तरकारी प्याकेज प्रर्दशन लगाएतका साना कार्यक्रम सिधै शाखा मार्फत कृषक/कृषक समुह/कृषि सहकारीहरुलाई वितरण तथा संचालन गरिने छ ।

**२.१.योजना मुल्याङ्कन तथा छनौटको लागि अपनाउने प्रकृयाः**

- प्राप्त परियोजना प्रस्ताव अध्ययन कार्यदल (अनुसूची ४)ले अध्ययन गरि मुल्याङ्कन समिति/कृषि सम्वन्वय समिति(अनुसूचि ५) लाई सिफारिश गर्नेछ ।

कार्यदलको सिफारिशमा मुल्याङ्कन समिति (कृषि सम्वन्वय समिति) को निर्णयबाट योजना छनौट भई कार्यान्वयन हुनेछ ।

**कृषि, पशुपालन तथा पर्यटनका क्षेत्रमा गर्न सकिने व्यवसायीक कार्यहरु**

कृषि, पशुपालन तथा पर्यटनका क्षेत्रमा गर्न सकिने व्यवसायीक कार्यहरु देहाय अनुसार अनु सूचिहरुमा उल्लेख गरिएको छ ।

अनुसूचि १: कृषि विकास कार्यक्रम अन्तर्गत गरिने कार्यहरु

अनुसूचि २: पशु विकास कार्यक्रम अन्तर्गत गरिने कार्यहरु

अनुसूचि ३:परियोजना छनौटको लागि स्थलगत निरिक्षण गर्न गठन हुने कार्यदल

अनुसूचि ४:परियोजना मुल्याङ्कन समिति

**अनुसूचि १**

**कृषि विकास कार्यक्रम अन्तर्गत गरिने कार्यहरु**

| सि.नं. | कार्य विवरण | कार्यविधि | खर्च गर्न सकिने/अनुदान रकम रु/अनुदान |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | **प्रतिशत** |
| | **बहुक्षेत्रीय पोषण कार्यक्रम कृषि तर्फ** | | |
| | **तरकारी बीउ, केरा विरुवा तथा मेवा बीउ** | सुनौलो हजार दिन भित्रका आमाहरुलाई पोषणमा सुधारका लागी सिजनल तरकारी विउ,कृषि सामाग्री, मेवाको बीउ तथा केराका बीरुवा वितरण | १०० प्रतिशत अनुदान |
| | **बालि विकास कार्यक्रमः** | धान, गहुँ, मकै, मसुरो, कोदो र तोरी आदिको बिउ वितरण | शत प्रतिशत अनुदान |
| | **मसला बालि कार्यक्रम** | लसुन, प्याज, अदुवा, बेसार आदिको बिउ वितरण | शत प्रतिशत अनुदान |
| | **तरकारी विकास कार्यक्रमः** | | |
| | **करेशावारी तरकारी विकास कार्यक्रमः** | विभिन्न जातको सिजन अनुसार तरकारी कम्पोजिट बीउ वितरण बढीमा रु ५०० प्रति कृषक | १०० प्रतिशत अनुदान |
| | **तरकारी प्याकेज प्रर्दशन** | नयाँजात र प्रविधि अपनााउनका लागी कम्तीमा ३ कठा जग्गामा आवश्यक बीउ, मल तथा कृषि सामाग्री उपलव्ध गराउनन सकिने छ । रु १५०००। प्रति प्रर्दशन | १०० प्रतिशत अनुदान |
| | **प्लाष्टीक मल्चीङ का लागी मलचिङप्लाष्टीक वितरण** | व्यवसायिक तरकारी खेतिका लागी मल्चीङ प्रविधिबाट तरकारी खेतिका लागी मल्चीङ प्लाष्टीकमा अनुदान लगानीको आधारमा | १०० प्रतिशत अनुदान |
| | **प्लाष्टीक टनेलमा तरकारी खेति** | व्यवसायिक तरकारी खेतिका लागी गुमोज प्लाष्टीक वितरण कार्यक्रम लागत अनुमानको आधारमा | १०० प्रतिशत अन’दान |
| | **हाइटेक टनेल निर्माण** | व्यवसायिक तरकारी खेतिका लागी हाइटेक टनेल निर्मार्ण कार्यक्रम (समुह, सहकारी, कृषि फार्म मार्फत) लागत अनुमानको आधारमा बढीमा ५ लाख सम्म | ५० प्रतिशत अनुदान |
| | **फलफूल विकास कार्यक्रम** | | |
| | **फलफूल आँप, लिचि, केरा, मेवा विकास कार्यक्रमः** | लुङग्री गाउँपालिकका अधिकांस क्षेत्र **आँप, लिचि, केरा, मेवा** खेतिको लागि उपयूक्त जलवायु यूक्त छ साथै विभिन्न भौगालिकताको आधारमा बर्षे फलफूलको संभावना छ । यसैले यहां **आँप, लिचि, केरा, मेवा** लाई प्राथमीकतामा राखि देहाय अनुसार सेवा तथा सुविधाहरु उपलव्ध गराउन सकिने छ । | विरुवामा बढिमा ५० प्रतिशत,ढुवानि, प्याकिङ चार्ज तथा विरुवाको मोर्टालिटीमा सत प्रतिशत अनुदान |
| | **फलफूल/पुष्प नर्सरी स्थापना** | समुह/सहकारी/कृषि फार्म मार्फत फलफूल/पुष्प नर्सरी स्थापनाका लागी कृषि सामाग्रीहरुमा अनुदान लागत अनुमानको आधारमा वढीमा रु १०००००। | ५० प्रतिशत अनुदान |
| | **साना सिंचाई कार्यक्रम** | | |
| | **साना सिंचाई विशेष कार्यक्रमः** | स-साना अस्थायी वांध, पैनी, छेकवार, कुलो सुधार, संरक्षण, ह्यूम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ट्याङ्की, इनार ढिक्कीपम्प, मोनोब्लक पम्पसेट, पवन पम्प, हाइड्रोलिक ऱ्याक, साइकल पम्प, पर्सियन व्हिल, गियर पम्प, थोपा सिंचाई, स्प्रिङ्कलर सिंचाई आदिको निर्माण व्यवस्थापन गर्नमा | बढिमा रु. १,५०,००० |

| | | | |
|---|---|---|---|
| | | कार्यक्रम माग गर्नको लागि पुऱ्याउनु पर्ने प्रकृयाः<br>● कृषि विकासको लागि स्थापित कृषक समूहहरु जस्ता उपभोक्ताहरुको सहभागितामा कार्यान्वयन योजना तयार पारी यस कार्यक्रमको लागि प्रस्ताव नगरपालिकामा पेश गर्नुपर्नेछ ।<br>● प्रस्ताव पेश गर्नको लागि कृषि विकास शाखाले प्रत्येक आ.ब.को कार्तिक १५ भित्र प्रस्ताव पेश गर्न सूचना प्रवाह गर्नेछ ।<br>● तोकिएको म्यादमा प्राप्त प्रस्तावहरुलाई कृषि विकास शाखाले कम्पाइल गरी आर्थिक विकास समिति मार्फत योजना अनुगमन कार्यदल( अनुसूचि ४)मा पेश गर्नेछ<br>● व्यवसायीक पकेट क्षेत्रलाई प्राथमितामा राखि आवश्यकता अनुसार कार्यदलले सिफारिश गरि परियोजना मुल्याङकन समिति(अनुसूचि ५)मा पेश गर्नेछ ।<br>● कार्यदलबाट सिफारिश सहित पेश भएका परियोजनाहरु परियोजना मुल्याङकन समिति( अनुसूचि ५)को बैठकबाट  छनौट गरि कार्यान्वपयनको लागि संझौता गरि कार्यादेश दिईने छ । उपभोक्ताले कुल लागतको १५ प्रतिशत जनश्रमदानको रुपमा बेहोर्नु पर्नेछ । | |
| | **तालिम कार्यक्रम** | | |
| | **गाउँस्तरिय कृषक तालिम(कृषि तथा पशु )** | लागि तपसिल अनुसार रकम खर्च गर्न सकिनेछ ।<br>क. अवधि ३ दिन<br>ख. सहभागी २०-३० जना<br>ग. शैक्षिक सामग्री रु. १००।- व्यक्ति/तालिम<br>घ. प्रशिक्षक भत्ता अधिकृत/साहायक स्तर रु.१५००।देखि १०००। प्रति कक्षा<br>ङ. कार्यलय सहयोगी प्रतिदिन रु५००।<br>च चियाखाजा रु. १५०।- व्यक्ति/दिन<br>छ. व्यवस्थापन खर्च सैक्षिक तथा तालिम सामाग्री ( फोटोकपी , स्टेसनरी र अन्यका लागि) कुल रु. ५,०००।- सम्म<br>ज. तालिममा सहभागी हुने सहभागिहरुका यातायात खर्च रु.४००। प्रतिदिन<br>झ. सहभागि कृषकलाई बीउ तथा कृषि सामाग्री वितरण प्रति व्यक्ति बढीमा ५०० बरावरको<br>ञ.हलभाडा प्रतिदिन बढिमा १५००।<br>ट.तालिम अनुगमन गाउँपालिका अध्यक्ष रु : १८००।<br>उपाध्यक्ष/अधिकृत स्तर :रु १६००। | १०० प्रतिशत अनुदान |

| | | | |
|---|---|---|---|
| | | नासु तथा साहायक स्तर रुः १२०० ।<br>ठ. प्रतिवेदन लेखन रु १०००।<br>**बाहिर श्रोत व्यक्ति** (बिषय विशेषज्ञ) भएमा दै भ्रको व्यवस्था गरिने छ । | |
| | **वडा स्तरीय घुम्ती स्थलगत कृषक तालिम (कृषि तथा पशु )** | क.अवधि १ दिन<br>ख.सहभागी २०-३० जना<br>ग.शैक्षिक सामाग्री रु. १००।- व्यक्ति/तालिम<br>घ.प्रशिक्षक भत्ताअधिकृत /सहायक स्तर रु.१५००। देखि २०००।प्रति कक्षा<br>ङ चियानास्ता रु. १५०।- व्यक्ति/दिन<br>च. व्यवस्थापन खर्च ( फोटोकपी , स्टेसनरी र अन्यका<br>लागि) कुल रु. २,०००।- सम्म<br>छ. तालिममा सहभागी हुने सहभागिहरुका यातायात खर्च<br>रु.३००। प्रतिदिन<br>ज. सहभागि कृषकलाई बीउ तथा कृषि सामाग्री वितरण प्रति व्यक्ति बढीमा ५०० बरावरको<br>झ.तालिम अनुगमन अधिकृत /साहायक स्तर १८००।देखि १२००।<br>ञ.प्रतिवेदन लेखन रु १०००।<br>ट.अनुगमन गा.पा.अध्यक्ष तथा अधिकृत स्तर १८००/१६००<br>ठ. अनुगमन सहायक स्तर १२००। | १०० प्रतिशत अनुदान |
| | **गोष्ठी कार्यक्रम** | | |
| | **गाउँपालिका स्तरीय विभिन्न विषयका गोष्ठीहरु(कृषि तथा पशु )** | क. अवधि १ वा २ दिन<br>ख. कार्यपत्र तयारी तथा प्रस्तुतिः १५००। प्रति कार्यपत्र<br>ग. खाजा तथा चियापानः रु. १५० प्रति व्यक्ति<br>घ. स्टेशनरी रु. १००।- प्रति व्यक्ति<br>ङ. सहभागीहरुलाई यातायात खर्चः रु.५००।<br>ट्र. व्यवस्थापन खर्चः रु. ५०००।<br>ज. प्रतिवेदन लेखन रु १०००।<br>झ. हल भाडा बढीमा १५००।– | १०० प्रतिशत अनुदान |
| | **भ्रमण कार्यक्रम** | | |
| | **अन्तरजिल्ला जन प्रतिनिधि, कर्मचारी तथा कृषक भ्रमण** | क. अवधिः ३ देखि ७ दिन<br>ख. स्टेसनरीः रु.१००। प्रतिव्यक्ति<br>ग. गाडिभाडाः आवश्यकता अनुसार बढिमा २ लाख सम्म<br>घ. सहभागिलाई प्रतिदिन तोकिए बमोजिम दै तथा भ्र | रु ५०००००।– |

| | | | |
|---|---|---|---|
| | | खर्च अनुसार गापा अध्यक्ष रु १८००, अधिकृत स्तरलाई रु १६००, सहायक स्तरलाई रु १२०० तथा कृषक तथा कार्यालय सहयोगिलाई रु १००० का दरले तथा नियमानुसार खाजा नास्ताको प्रतिदिन रु २०० का दरले<br>ङ. ङ. अन्य व्यवस्थापन खर्च -व्यानर, पानि तथा अवलोकन शुल्क, पार्किङ शुल्क २५०००।–<br>ट्. सम्वन्धित कार्यालय तथा फार्महरुले सहजि करण गरे वापत अधिकृत स्तर रु १५०० र सहायक स्तरकाा लागी रु १२०० ।<br>च. सहभागी जवान ३०-३५<br>छ.प्रतिवेदन लेखन–रु १०००। | |
| | **धान दिवस कार्यक्रम** | खाजा रु १५०, खाना रु ३५०, व्यवस्थापन रु १००००, प्रचार प्रसार सामाग्री टिसर्ट वा टोपि खरिद तथा छपाई वापत रु ५००००। | रु. १०००००। |
| | **खाद्यान्न उत्पादन तथा अन्न बाली बीउ विजन आत्म निर्भर कार्यक्रम** | | |
| | **बीउ उत्पादन कार्यक्रम** | क. बीउ उत्पादनको लागि श्रोतबीउ/मुलबीउमा | शत प्रतिशत अनुदान |
| | | ख. बीउवाली खेत निरिक्षण तथा आवश्यक तालिमहरु<br>ग. बीउको नमुना परिक्षण गर्ने गराउने कार्य<br>घ. प्रस्तावनाको आधारमा बीउको भण्डार घर निर्माणमा सहयोग<br>ङ. बीउको बजारीकरणमा सहयोग(प्रसार सामाग्री तथा ट्यागहरु)<br>ट्. खाद्यान्न वालीको उन्नत बीउमा ढुवानी | शत प्रतिशत |
| | **च्याउ विकास कार्यक्रम** | | |
| | **च्याउ बीउ वितरण** | च्याउ बीउमा ढुवानी तथा मुल्यमा | बीउमा शत प्रतिशत अनुदान ढुवानीमा सत प्रतिशत |
| | **च्याउ खेतिका लागी टनेल निर्माण** | टनेल निर्माणका लागी लागतमा | शत प्रतिशत अनुदान |

| | | | |
|---|---|---|---|
| | **युवा लक्षित मागमा आधाारित कार्यक्रम** | व्यवसायिक तरकारी, च्याउ,मौरी, केरा खेतिका लागी आवश्यक कृषि औजार, उपकरण तथा सामााग्री व्यवस्थापनका लागी अनुदान बढीमा रु ६००००।– | ५० प्रतिशत अनुदान |
| | **विपन्न / गरिव कृषकका लागि माग मा आधारित कार्यक्रम** | व्यवसायिक तरकारी, च्याउ,मौरी, केरा खेतिका लागी आवश्यक कृषि औजार, उपकरण तथा सामााग्री व्यवस्थापनका लागी अनुदान बढीमा रु ६००००।– | ८५ प्रतिशत अनुदान |
| | **कृषि मेला प्रर्दशनी** | पुरस्कार प्रथम–३०००, द्धितिय–२०००, तृतिय–१५००, सान्तवना–१०००, सामाग्री ल्याउने कृषकलाई यातायात खर्च प्रति व्यक्ति रु ३००, व्यस्थापन( टेन्ट, कुर्सि टेवल, व्यानर, डोरी, कपडा, प्रमाण पत्र आदी) रु ३५०००, स्टलमा सहजिकरण कर्तालाई यातायात, खाजा तथा खाना गरि प्रतिदिन प्रति व्यक्ति रु १५०० | १०० प्रतिशत अनुदान कुल लागत बढीमा १.५ लाख |
| | **ओल खेति प्रर्दशन** | प्रति प्रर्दशन बीउ, कृषि सामाग्री, ढुवानी गरि रु १५००० | १०० प्रतिशत अनुदान |
| | **साना कृषि यान्त्रीकीकरण सामााग्री वितरण** | कृषि यन्त्रहरु मिनिटिलर, पावरटिलर, रिपर,भ्कारगोडने मेसिन, पराल बफाउने मेसिन, परालकाटने मेसिन, स्पीटर, स्प्रेयर,मेटल बीन, मिल्क क्यान, मिर्लकिङ मेसिन, डि फ्रिज, ग्यालेन्डर, काउमेट, वासिङ स्प्रे, व्हील व्यारो, महाजाल, एरियटर तथा क्रेट आदीमा ८५ प्रतिशत अनुदानमा वितरण | ८५ प्रतिशत अनुदान |
| | **उत्कृष्ठ कृषक समुह पुरस्कार** | नगरका उत्कृष्ठ कृषकह**समुह**रुलाई प्रति कृषक**समुह** रु ५००० नगद, व्यवस्थापन (प्रमाणपत्र, दोसल्ला आदी) रु १००००, खाजा प्रति व्यक्ति रु १५०, कृषक छनौटका लागी बैठक संचालन गरि कुल रकम रु ५००००। | १०० प्रतिशत अनुदान |
| | **उत्कृष्ठ कृषक पुरस्कार** | गाउँपालिका भित्रका पशु पालक तथा कृषि पेशामा सम्लग्न कृषकलाइ पोहात्सान स्वरुप निम्न अनुसारको पुरस्कारको व्यावस्था गरीने छ ।<br>**प्रथम पुरस्कार रु १००००।**<br>**दोस्रो पुरस्कार रु ८०००।**<br>**तेस्रो पुरस्कार रु ५०००।**<br>**सान्तोना पुरस्कार रु३०००।** | |
| | **बाली संरक्षण सेवा** | सिजन अनुसार बाली विरुवामा लाग्ने रोग किरा व्यवस्थापनकाा लागी विषादी खरिद तथा वितरण | १०० प्रतिशत अनुदान |
| | **विषादी सचेतना कार्यक्रम** | बाली उपचार शिविर संचालन,  विषादी सचेतनाका लागी होडिङ बोार्ड र्निमार्ण गरि स्वास्थ्य संस्था, सरकारी कार्यालयहरुमा राख्ने | १०० प्रतिशत अनुदान |
| | **बजार विकास कार्यक्रम** | | |

| | | | |
|---|---|---|---|
| | **कृषि तथा पशुपक्षि बजार विकास कार्यक्रम:** | क. बजारीकरणको लागि आवश्यक सामाग्रीहरु(क्रेट, डिजीटल तराजु, ग्रेडर आदि) बजार संचारको लागि संचार पूर्वाधार जडान तथा सामाग्रीहरु खरिदमा<br>ख. वजार तथा बजारीकरण तालिम, भ्रमण तथा गोष्ठीहरुमा स्वीकृत कार्यक्रम वा स्वीकृत प्रस्तावना अनुसार खर्च गर्न सकिने । | शत प्रतिशत |
| | | ग. .आवश्यक स्थानमा उपभोक्ताको १५ प्रतिशत लगानीमा संकलन केन्द्र भवन तथा हाटबजार को लागि भौतिक संरचनाहरु निर्माण | शत प्रतिशत अनुदान |
| | **कृषि तथ्यांक तथा प्रविधि विस्तार कार्यक्रम** | | |
| | **बाली कटानी विवरण संकलन** | कम्तीमा एक बालीमा ३० वटा बाली कटानी गर्नु पर्ने एक क्रप कटिङ गरे वापत रु ५०० यातायात तथा खाजा खर्च उपलब्ध गराईने | १०० प्रतिशत |
| | **लिफलेट, बुकलेट तथा चौमासिक कृषि बुलेटिन प्रकाशन** | कृषि/पशु प्रविधिको प्रचार प्रसार, सम्पन्न भएका कार्यक्रमको जानकारी गराउन विभिन्न सामाग्री प्रकासन तथा वितरण | १०० प्रतिशत |
| | **आई पि एम कृषक पाठशाला** | बलि अवधि भर पाठशाला संचालन<br>रु १५००००। | १०० प्रतिशत अनुदान |
| | **विषादि, विउविजन तथा मलखाद खुद्रा विक्रेता तालिम** | क. अवधि ६ दिन<br>ख. सहभागी २०-३० जना<br>ग. शैक्षिक सामग्री रु. १००।- व्यक्ति/तालिम<br>घ. चियापान रु. २००।- व्यक्ति/दिन<br>ङ. प्रशिक्षक भत्ता रु.७००।- प्रति कक्षा कार्यपत्र रु. ७००।- प्रति कक्षा (बाहिरबाट आउने प्रशिक्षकलाई नियमानुसार दै.भ्र.भ. पनि दिन सकिने)<br>ढ. प्रश्नपत्र तयार रु. ५००।- (पूर्णाङ्क १०० भएको)<br>ज. उत्तर पुस्तिका परीक्षण रु. २५।- प्रति उत्तर पुस्तिका<br>झ. व्यवस्थापन खर्च ( फोटोकपी, प्रमाण-पत्र छपाई, व्यानर, उद्घाटन, समापन र अन्यका लागि) बढिमा रु.१०,०००।-<br>ञ. तालिममा सहभागी हुने सहभागिहरुका दैनिक भत्ता र यातायात खर्च नदिने | |
| | **मौरी विकास कार्यत्रक्रम** | | |

| | | | |
|---|---|---|---|
| | **मेलिफेरा मौरी घार वितरण** | मौरी क्षेत्र विस्तारका लागी मेलिफेरा मौरी घार वितरण | ७५ प्रतिशत अनुदान |
| | **मौरी उपकरण वितरण** | आधुनिक मौरी पालनका लागी मह मदानी, घुम्ती, पन्जा, कुइनगेट, बी ब्रस, हाइभटुल, आदी वितरण | ८५ प्रतिशत अनुदान |
| | **आधार चाका वितरण** | आधार चाका वितरण | १०० प्रतिशत अनुदानमा |
| | **माटो परिक्षण तथा सुधार कार्यक्रम** | | |
| | **माटो जाँच शिविर संचालन** | माटो जाँच शिविर संचालन (रसायन खरिद, विज्ञलाई भ्रमण भत्ता तथा व्यवस्थापन | १०० प्रतिशत अनुदानमा |
| | **कृषि चुन वितरण** | अम्लीय माटो सुधारका लागी कृषि चुन वितरण कार्यक्रम | १०० प्रतिशत अनुदानमा |
| | **जिंक तथा शुक्ष्म तत्व वितरण** | जिंकको कमि हटाउन तथा प्रचार प्रसारका लागी जिंक वितरण | १०० प्रतिशत अनुदानमा |
| | **आई.पि.एम.कृषक पाठशाला** | १०.१ कृषक प्रशिक्षक वा आई.पि.एम प्राविधिक प्रशिक्षकद्वारा संचालित कृषक पाठशाला तथा अनुसरण कार्यक्रम निम्नानुसार गर्न सकिने छ। यो कार्यक्रम संचालन एवं व्यवस्थापन वडा विकास भेला मार्फत गरिनेछ | |

| क.सं | कार्यक्रम विवरण | लागत रकम रुं | कैफियत |
|---|---|---|---|
| I. | **स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी (३ पटक)** | | |
| II. | पहिलो पटकको अन्तक्रिया गोष्ठी गर्न ४० जना कृषक र सहभागीहरुलाई चियापान गराउन रु. १००।- का दरले | ४०००।- | |
| III. | दोश्रो पटक अन्तरक्रिया गोष्ठी गर्दा ३० जना कृषक र सहभागीलाई चियापान गराउन रु. १००।- का दरले | ३०००।- | |

| | | | |
|---|---|---|---|
| IV. | तेश्रो पटक अन्तरक्रिया गोष्ठी गर्दा ३० जना कृषक र सहभागीलाई चियापान गराउन रु. १००।- का दरले | ३०००।- | |
| V. | शैक्षिक सामग्री खरिद तथा व्यवस्थापन खर्च भिन्दा भिन्दै मितिमा ३ पटकसम्म उल्लेखित विषयमा गोष्ठी सञ्चालन गर्दा चाहिने रजिष्टर कापी, स्केल, डटपेन, सिसाकलम, मार्कर पेन, चार्ट पेपर, ३० जनाको लागि रु. | ३०००।- | |
| VI. | कृषक आवश्यकता पहिचान गोष्ठी सञ्चालन गर्न भत्ता प्रति व्यक्ति रु. १२००।- का दरले २ जना श्रोत व्यक्तिलाई ३ दिनलाई रु. | ७२००।- | |
| VII. | स्थलगत तालिम सञ्चालन २५ जनालाई रु. १००।- का दरले १६ हप्तासम्म चियापान गर्न (रु.१००×२५×१६) रु. | ४००००। | |
| VIII. | तालिम सञ्चालन सामग्रीरु. | ८०००।- | |
| IX. | प्रशिक्षक भत्ता २ जनालाई प्रति हप्ता रु. १२००।-का दरले १६ हप्तासम्मका लागिरु. | ३२०००।- | |
| X. | विशेष कक्षा अकिकृतस्तर ५ पटक रु १५०० का दरले | ७५००। | |
| XI. | सवारीको लागि इन्धन (१६ हप्ताको लागि) रु. | १००००। | |
| XII. | कृषक पाठशाला दिवस आमन्त्रित जनप्रतिनिधि, जिल्ला स्तरीय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरु गरी जम्मा १०० जनालाई रु. १००।- का दरले चियापान वापत रु. | १००००।- | |
| XIII. | प्रथम, द्वितिय र तृतिय हुने कृषक समूहलाई पुरस्कार रकम प्रथम, द्वितिय, तृतिय क्रमश १०००, ८००, ५०० , सान्त्वना ३०० गरी रु. | २६००। | |
| XIV. | समापन | ११५००।- | |
| | जम्मा | १,४१,८००। | |

**अनुसुचि २**

**पशु विकास अन्तरगत संचाालन गरिने कार्यक्रमहरु**

पशुपालनको क्षेत्रमा गरिने कार्यहरु

| सि.नं. | कार्य विवरण | कार्यविधि | खर्च गर्न सकिने/अनुदान रकम रु. |
|---|---|---|---|
| १.१ | दुध उत्पादनका लागी गाइ/भैसी फार्म प्रबर्द्धन कार्यक्रम पशुपंक्षी कार्यक्रम | **साना** गाई भैसी पालन व्याबसायी भन्नले निम्न अनुसारका फार्मलाई बुझिनेछ । . व्याबसायीक रूपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा ५ गोटा माउ गाई वा भैसी पालेको हुनु पर्नेछ । जस मध्य गाई पालनमा दैनिक दुध उत्पादन ३० देखि ५० लिटर र भैसीको हकमा दैनिक | ५०,०००। सम्म |

| | | | |
|---|---|---|---|
| | | २० देखि ३० लिटर दुध उत्पादन गरी बिक्री बितरण गरेको हुनु पर्नेछ । | |
| | | **मझौला** गाईभैसी पालन व्याबसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>. व्याबसायीक रूपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा ६ देखि १० गोटा माउ गाई वा भैसी पालेको हुनु पर्नेछ ।<br>. जस मध्य गाई पालनमा दैनिक दुध उत्पादन ५० देखि १५० लिटर र भैसीको हकमा दैनिक ५० लिटर देखि माथी दुध उत्पादन गरी बिक्री बितरण गरेको हुनु पर्नेछ । | ७५ हजार देखि १ लाख सम्म |
| | | **ठुला** गाईभैसी पालन व्याबसायी भन्नले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>. व्याबसायीक रूपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा १५ देखि माथी माउ गाई वा भैसी पालेको हुनु पर्नेछ ।<br>. जस मध्य गाई पालनमा दैनिक दुध उत्पादन १५० लिटर देखी माथी र भैसीको हकमा दैनिक ७५ लिटर देखी माथी दुध उत्पादन गरी बिक्री बितरण गरेको हुनु पर्नेछ । | १ लाख देखि २ लाख सम्म |
| १.२ | **व्याबसायीक भेडाबाख्रा फार्म प्रबर्द्धन कार्यक्रम** | **साना** भेडाबाख्रा पालन व्याबसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>. व्याबसायीक रूपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा १० देखि १५ गोटा माउ भेडाबाख्रा सहित पाठापाठी पालेको हुनु पर्नेछ । | प्रति फर्म रु.५० हजार सम्म |
| | | **मझौला** भेडाबाख्रा पालन व्याबसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>. व्याबसायीक रूपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा २० देखि ४० गोटा माउ भेडाबाख्रा सहित पाठापाठी पालेको हुनु पर्नेछ । | बढिमा रु. १०००००। ( एक लाख) सम्म |
| | | **ठुला** भेडाबाख्रा पालन व्याबसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>. व्याबसायीक रूपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा १०० देखि माथि संख्याका माउ भेडाबाख्रा सहित पाठापाठी | बढिमा रु. ३,००००० -तीनलाख) सम्म |

| | | | |
|---|---|---|---|
| | | पालेको हुनु पर्नेछ । | |
| १.३ | **व्याबसायीक बंगुर फार्म प्रबर्द्धन कार्यक्रम** | **साना** बंगुर पालन व्याबसायी भन्नले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>. व्याबसायीक रूपमा पालन गर्दै आएका कृषकहरू जसले पाठापाठी उत्पादनको हकमा कम्तीमा ५ गोटा माउ बंगुर सहितका पाठापाठी पालेको हुनु पर्नेछ साथै मासुको लागि पालनको हकमा १० वटा भन्दा माथि । | रु ५०,०००।देखि १०००००। सम्म |
| | | **मझौला** बंगुर पालन व्याबसायी भन्नले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>. व्याबसायीक रूपमा पालन गर्दै आएका कृषकहरू जसले पठापाठी उत्पादनको हकमा कम्तीमा १५ गोटा माउ बंगुर सहितका पाठापाठी पालेको साथै मासुको लागि पालनको हकमा २० वटा भन्दा माथि हुनु पर्नेछ । | रु १००००० देखि २००००० सम्म |
| | | **ठुला** बंगुर पालन व्याबसायी भन्नले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>. व्याबसायीक रूपमा पालन गर्दै आएका कृषकहरू जसले पाठापाठी उत्पादनको हकमा कम्तीमा २५ देखि माथी माउ बंगुर सहितका पाठापाठी पालेको साथै मासुको लागि पालनको हकमा ३० वटा भन्दा माथि हुनु पर्नेछ । | २ लाख देखि ५ लाख सम्म |
| १.४ | **व्याबसायीक कुखुरा पालन कार्यक्रम** | लेर्यस कुखुरा पालन व्याबसायी भन्नले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>क. **साना** व्याबसायी ५०० देखि माथी १००० गोटा लेर्यस कुखुरा पालनेको हुनुपर्नेछ ।<br>ख. **मझौला** व्याबसायी १५०० देखि माथी २००० गोटा लेर्यस कुखुरा पालनेको हुनुपर्नेछ ।<br>ग. **ठुला** व्याबसायी २५०० गोटा देखी माथी लेर्यस कुखुरा पालनेको हुनुपर्नेछ । | **साना,मझ्यौला र ठुला व्यवसायीलाई क्रमशः ५० हजार, ७५ हजार देखि १ लाख सम्म र १ लाख देखि २ लाख सम्म अनुदान दिन सकिने छ ।** |
| | | ब्रोईलर कुखुरा पालन व्याबसायी भन्नले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>क. **साना** व्याबसायी ५०० गोटा देखि माथी ब्रोईलर कुखुरा पालनेको हुनुपर्नेछ ।<br>ख. **मझौला** व्याबसायी १००० देखि माथी ३००० गोटा ब्रोईलर कुखुरा पालनेको हुनुपर्नेछ | |

| | | | |
|---|---|---|---|
| | | ।<br>ग. **ठुला** व्याबसायी ५००० गोटा देखी माथी ब्रोइलर कुखुरा पालनेको हुनुपर्नेछ । | |
| १.५ | **पाडापाडी संरक्षण कार्यक्रम** | पाडापाडी संरक्षण साना व्याबसायी . व्याबसायीक रूपमा पालन गर्दै आएका समुह, समिती वा कृषकहरू जसले कम्तीमा १० देखि १५ गोटा पाडापाडी पालेको हुनु पर्नेछ । | ५०,०००। सम्म |
| | | **मझौला** व्याबसायी भन्नाले निम्न १६ देखि २० गोटा सम्म पाडापाडी पाल्ने कृषक वा फार्मलाई बुझिनेछ । | ५० हजार देखि १ लाख सम्म |
| | | **ठुला** व्याबसायी भन्नाले व्याबसायीक रूपमा पालन गर्दै आएका समुह तथा कृषकहरू जसले कम्तीमा ३० देखि माथि संख्याका पाडापाडी पालेको हुनु पर्नेछ । | १ लाख देखि २ लाख सम्म |
| १.६ | **पकेट प्याकेज कार्यक्रम** | गाई,भैसी,भेडा,बाखा,बंगुर,कुखुरा आदि जुन सुकै पनि हुन सक्नेछन् । | |
| | | **औषधी कोष स्थापना:**<br>समुहमा कार्यक्रम लागु भई सके पछि समुह भित्रका सम्पुर्ण पशुपंक्षीहरूलाई औषधी तथा खोपको व्यबस्था गर्न सकिने छ । | |
| | | अनुदानमा प्रजनन् योग्य भाले / पोथी बितरण कार्यक्रम संचालन भएमा लक्षीत समुहका सदस्य वा समुहलाई नै नश्ल सुधार का लागी प्रजनन योग्य जातीय अनुसार भाले पोथी अनुदान | |
| | | **आहार व्यबस्थापन**<br>उत्पादन बृद्धिका लागी आबस्यकता अनुसार हिउदे , बर्षे , बहुबर्षे , डाले तथा भुई घांसहरू बितरण | |
| | | अनुदानमा गोठ/ खोर निर्माण | अध्ययन कार्यदलको प्रतिवेदन अनुसार ५० प्रतीशत सम्म अनुदान |
| १.७ | **पशु आहार बिकास कार्यक्रम** | . पशु आहार बिकास भन्नाले पशुपंक्षीले खाने वा खुवाउने बर्षे,बहुबर्षे,हिउदे डाले तथा भुई घांस खरिद तथा वितरण र नर्सरी स्थापना | शत प्रतीशत अनुदान |

| | | | |
|---|---|---|---|
| १.८ | **पशुप्रजनन् कार्यक्रम** | सबैखाले उत्पादन बृद्धिकालागी कृतिम वा प्राकृतीक तवरले दुई फरक पशुबस्तुका बिच प्रजनन् गराई उत्पादन बृद्धि तथा नश्ल सुधार गर्ने कार्यलाई बुझ्नु पर्दछ | |
| | | **पशु नश्ल सुधार कार्यक्रम**<br>कृत्रिम गर्भाधान<br>क. सिमेन खरीद<br>ख. तरल नाईट्रोजन खरीद | सत प्रतिशत अनुदान |
| | | प्राकृतीक गर्भाधान<br>यस गा.पा क्षेत्र भित्र कृ.ग. सेवा पुर्याउन नसकिने स्थानहरूमा उत्पादन बृद्धिका लागी उन्नत नश्लका रागो, साढे, बोका, थुमा, बंगुर, कुखुरा, आदिका भाले जातीहरूमा अनुदान<br>पशुपंक्षी नश्ल सुधारलाई ध्यानमा राखी उत्पादनलाई बृद्धि गर्न उन्नत नश्लका कुखुरा,भेडाबाखा,गाईभैसी,बंगुर खरीद गरी बितरण | शत प्रतिशत अनुदान |
| १.९ | **पशुपक्षी बजार प्रर्बद्धन कार्यक्रम(मासु पसल तथा डेरि पसल सुधार कार्यक्रम)** | पशुपक्षी बजार प्रर्बद्धन कार्यक्रम भन्नाले पशुपक्षी तथा पशुपंक्षी जन्य पदार्थहरूको खरीद बिक्री कार्यलाई बुझ्नु पर्दछ ।जस अंर्तगत उपभाक्तालाइ स्वच्छ सफा र गुणस्तरीय मासु तथा दुध उत्पादनको निमिक्त मासु पसल र डेरी पसल सुधार कार्यक्रम राखी कार्यक्रम संचालन गरीने छ । | |
| | | बिभिन्न किसीमका मासु पसल | २५ हजार देखि १ लाख सम्म नगद वा वस्तु अनुदान |
| | | बिभिन्न किसीमका दुध तथा दुग्ध जन्य पदार्थहरूको पसल | २५ हजार देखि १ लाख सम्म नगद वा वस्तु अनुदान |
| | | पशुपंक्षीहरूको खरीद बिक्री पसल | २५ हजार देखि १ लाख सम्म नगद वा वस्तु अनुदान |
| १.१० | **पशु स्वास्थ्य तथा पशु बिकास कार्यक्रम** | उपचार सेवा<br>रोग नियन्त्रण सेवा<br>रोग निदान सेवा<br>पशु स्वास्थ्य शिबिर संचालन<br>पशुपंक्षीसंग सम्बन्धीत पसल तथा फार्महरूको अभिलेख तथा अनुगमन | शतप्रतिशत अनुदान |

| | | | |
|---|---|---|---|
| | | सुत्केरी स्याहार सेवा | उन्नत बीज प्रयोग भएर जन्मेका पाडापाडी स्याहारको लागि प्रति सुत्केरी रु. २०००। |
| | | भकारो सुधार सेवा . | रू १००००। सम्म |
| १.११ | **मासु उत्पादनको लागी बोका/पाठा हुर्काउने कार्यक्रम** | मासुको लागी खसी बोका पाठा हुर्काउने कार्यक्रम अन्तरगत साना,मझौला,र ठुला गरी ३ भागमा वर्गीकरण गरीने छ। जस अनुरुप<br>**साना** : १० देखि १५<br>**मझौला** :१६देखि २०<br>**ठुला** : ५० देखि माथिको संख्यालाइ मानिने छ। | साना :१०००देखि १५०००हजार<br>**मझौला** :१५००० देखि ३००००हजार<br>**ठुला** :३००००हजारदेखि १०००००एकलाख सम्म |
| १.१२ | **पशु भ्याक्शिनेटर नियुक्ति तथा पारिश्रमीक** | पशुमा लाग्ने विभिन्न सरुवा रोगलाइ नियनत्रण गर्न यस गाउपालिका सम्पुर्ण वार्डका कृषकहरुको पशुहरुमा भ्याक्शिनेसन गर्नका लागी जनशक्तिको अभाव देखिएमा निम्न योग्ष्ता भएका प्राइभेट पाराभेटहरुलाइ प्रयोग गरी पशुमा भ्याक्शिनेशन कार्यकक्रम संचालन गरीने छ ।<br>१.ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता<br>२.प्राइभेट भेट जे.टी./जे.टी.ए. | भ्याक्शिनेशन गरेबापत भ्याक्शिनेटरलाइ दिने रकम (प्रति पशु)<br>गाइ/भैसी/बंगुर रु२०।<br>भेडा/बाखा रु १०।<br>पंक्षी रु २। |
| | **मत्स्य विकास कार्यक्रम** | | |
| | **माछा भुरा वितरण** | निशुल्क भुरा तथा ढुवानी | सत प्रतिशत अनुदान |
| | **माछा उपचारका लागी नुन, कृषि चुन वितरण** | कृषि चुन, नुन तथा फिटकिरी तथा आवश्यक अन्य औषधी वितरण | सत प्रतिशत अनुदान |
| | | | |

**अनुसूचि ३**

**परियोजना छनौटको लागि स्थलगत निरिक्षण गरि छनौटको लागि मुल्याङ्कन समितिमा सिफारिश गर्न गठन हुने कार्यदल**

१. अध्यक्षः संयोजक आर्थिक विकास समिति

३. सदस्यः आर्थिक विकास समितिका सदस्य २ जना

४. सदस्यः पशु सेवा शाखा प्रमुख तथा आवश्यकता अनुसार अन्य कर्मचारी

५. सदस्य सचिवः शाखा प्रमुख कृषि विकास शाखा तथा आवश्यकता अनुसार अन्य कर्मचारी

६. आवश्यकता अनुसार अन्य जन प्रतिनिध तथा कर्मचारिहरुलाई बोलाउन सकिने छ ।

**अनुसूचि ४**

**कार्यक्रम छनौट तथा मुल्याङ्कन समिति ( कृषि सम्वन्वय समिति)**

१. अध्यक्षः गाउँपालिका अध्यक्ष

२. सदस्य–गाउँपालिका उपाध्यक्ष

३.सदस्य– प्रमुख प्रशासकीय अधिकृत

४. सदस्य आर्थिक समितिका सभापति

५. सदस्यः पशुसेवा शाखा प्रमुख

६. सदस्य सचिवः कृषि विकास शाखा प्रमुख

७.आवश्यकता अनुसार आमन्त्रितरुपमा अन्य जन प्रतिनिध तथा कर्मचारिहरुलाई बोलाउन सकिने छ ।